# DAILY NEWSLETTER

As of Dec 17 2025

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नेप्सेमा चौथो दिन सुधारको संकेत, हरियो क्यान्डलसहित कारोबार मजबुत




Nepse तीन दिनसम्म सुस्त देखिएको कारोबारपछि चौथो कारोबार दिन, सूचकांकले सकारात्मक सुधारको संकेत दिएको छ। आज नेप्से 2622 बाट खुलेर सुरुवाती चरणमै माथिल्लो यात्रा गर्दै 2632 को इन्ट्राडे उच्च स्तरमा पुगेको थियो, जसले higher high को संरचना बनायो। त्यसपछि बजारमा सामान्य करेक्सन देखिँदा सूचकांक 2619 सम्म झरेको थियो। तर तल्लो स्तरमा खरिदकर्ताहरू सक्रिय भएपछि नेप्से पुनः उक्लँदै 2625 मा बन्द हुन सफल भयो। आज सूचकांकले 5 अंकको वृद्धि गर्दै 0.21% को लाभ दर्ता गर्‍यो।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा Below छ । |
| MACD | नेप्सेमा हाल MACD मा Sellling (Weak) देखिएको छ । |
| RSI | RSI 53 पुगेको देखिन्छ । |

| | |
|---|---|
| Support | 2560-2530 |
| Resistance | 2690-2680 |

आजको Session मा कुल रु. 4 अर्ब बराबरको कारोबार भएको छ, जुन अघिल्ला केही दिनको तुलनामा उल्लेखनीय सुधार हो। हरियो क्यान्डलको गठन सँगै देखिएको यो कारोबार वृद्धिले बजारमा पुनः खरिद चासो बढ्दै गएको र लगानीकर्ताको सहभागिता सुधार भइरहेको संकेत गर्छ।

प्राविधिक दृष्टिकोणबाट हेर्दा, आजको सत्रले स्वस्थ इन्ट्राडे संरचना देखाएको छ। बजार तल झर्दा आक्रामक बिक्रीभन्दा पनि माग सक्रिय देखियो, जसले गिरावटलाई सहज रूपमा सम्हाल्यो। तल्लो स्तरबाट भएको रिकभरी र सकारात्मक क्लोजले हालैको कन्सोलिडेसनपछि बजार स्थिर हुने प्रयासमा रहेको संकेत गर्छ। आगामी दिनहरूमा कारोबार रकम निरन्तर सुधार हुँदै गयो र सूचकांक प्रमुख सपोर्ट स्तरभन्दा माथि टिकिरहन सफल भयो भने नेप्सेले क्रमशः माथिल्लो दिशातर्फ गति लिन सक्ने सम्भावना देखिन्छ।


9709043043

www.sarbaguna.com

sarb.agun

sarbaguna.investm

Sarbaguna Investment